# स्थानीय राजपत्र

पोखरा लेखनाथ महानगरपालिका द्वारा प्रकाशित

वर्ष : १ पोखरा खण्ड : १० २०७५ जेठ ८ गते

भाग १

पोखरा लेखनाथ महानगरपालिकाको

**बालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन**

पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : १० २०७५ जेठ ८ गते

भाग १

पोखरा लेखनाथ महानगरपालिकाको

## बालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४

**प्रस्तावनाः**

पोखरा लेखनाथ महानगरपालिकालाई बालमैत्रीनगरको रुपमा स्थापित गराउने अभिप्रायले बालबालिकाको हकहितलाई प्रवर्द्धन गर्ने, घर, परिवार र समाजमा बालबालिकाप्रतिको दृष्टिकोणलाई सामाजिक रुपमा बालअधिकार सम्वन्धी बिद्यमान सङ्घीय कानुन र नेपालले पक्ष राष्ट्रको हैसियतबाट अनुमोदन गरेका अन्तराष्ट्रिय महासन्धीको भावनाअनुरुप गरिने क्रियाकलापलाई व्यवस्थित रुपमा अघि वढाउनु महानगरपालिकाको महत्वपूर्ण कार्य हो भन्ने तथ्यलाई दृष्टिगत गर्दै बालअधिकारका क्षेत्रमा देखिएका प्रतिकुल अवस्थालाई आधार मानेर स्थानीयतहमा बालबालिकाको हकहितलाई संरक्षण गर्ने, आवस्यकतालाई पहिचान गर्ने, सम्वद्ध क्षेत्रको समस्यालाई न्यूनीकरण गर्दै जानु स्थानीय सरकारको मूलभूत कर्तव्य समेत हुदाँ बालअधिकार संरक्षणका क्षेत्रमा देखिएका चूनौतिहरुलाई सहि ढंगले सम्वोधन गर्न आवश्यकता महसुस गरी पोखरा लेखनाथमहानगरपालिकाको नगर सभावाट प्रस्तुत बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारंम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :**

(१) यस ऐनको नाम बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ रहने छ ।

(२) यो ऐन पोखरा लेखनाथ महानगरपालिका सभाले पारित गरेको मिति देखि लागू हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) बालअधिकार भन्नाले यस ऐनको दफामा व्यवस्थित बालबालिकाको अधिकारलाई जनाउँछ ।

(ख) महासन्धी भन्नाले बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी सन १९८९ लाई जनाउँछ ।

(ग) समिति भन्नाले ऐनको दफा ३ (१) बमोजिम गठिंत समितिलाई जनाउँछ ।

(घ) संरक्षण अधिकारी भन्नाले ऐनको दफा ३ (२) बमोजिम गठित समितिको प्रमुख भै काम गर्ने अधिकारीलाई जनाउँछ ।

## परिच्छेद २
## बालसंरक्षण समिति सम्वन्धी व्यवस्था

**३. बाल संरक्षण समितिको गठन तथा कार्य संचालन विधि :**

(१) पोखरा लेखनाथ महानगरपालिकामा देहाय वमोजिमको एक बाल संरक्षण समिति रहनेछ ।

(क) महानगरपालिका प्रमुखले तोकेको वडाअध्यक्ष संयोजक

(ख) जिल्ला बाल संरक्षण समितिको एकजना प्रतिनिधि सदस्य

(ग) बालअधिकारको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि सदस्य

(घ) महानगर क्षेत्रभित्र स्थापित बालसुधार गृहको प्रतिनिधि सदस्य

(ड) महानगरपालिकाको बालबालिका सम्वन्धित महाशाखाको प्रमुख सदस्य सचिव

(२) बाल संरक्षण अधिकारी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. बाल संरक्षण समितिको कामकर्तव्य र अधिकार :**

(क) बालबालिकाको हकहित संरक्षण सम्वन्धी योजनाको तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) संघीय कानुन अनुसार स्वीकृत बालअधिकार सम्वन्धी शिक्षा नीतिका कार्यक्रमहरु तयार गर्ने ।

(ग) उपदफा (क) र (ख) मा उल्लेख गरिएका योजना र कार्यक्रमहरुलाई लागु गर्न आवस्यक संयन्त्र तयार गर्ने ।

(घ) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अभिलेख राख्ने, अनुगमन र नियमन गर्ने ।

**५. बाल संरक्षण समितिको कार्यकाल :**

दफा ४ बमोजिमको समितिको कार्यकाल गठंन भएका मितिले दुई बर्ष को हुनेछ ।

**६. नियम बनाउने अधिकार :**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

**७. वाधा अडकाउ फुकाउने अधिकार :**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्दा वाधा अड्काउँ परेमा वाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकामा हुनेछ ।

**प्रमाणीकरण मितिः २०७५।०२।०१**
**राजपत्रमा प्रकाशित मितिः २०७५।०२।०७**

आज्ञाले,
दीर्घनारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत